# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### समावेशी वित्तीय सेवा, बहु-बैंकिङ प्रति सजगता र स्वनियमनमा जोड

(गभर्नर डा. खतिवडाद्वारा फरवार्ड कम्यूनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको उद्घाटन)

गभर्नर डा. युवराज खतिवडाले सुनसरी जिल्लाको दुहवी-३ मा अवस्थित फरवार्ड कम्यूनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको २०७० जेठ ३ गते एक समारोहकाबीच वित्तीय कारोवार शुभारम्भ तथा संस्था स्थापनाको औपचारिक रूपमा समुद्घाटन गर्नु भयो ।



उद्घाटनका क्रममा गभर्नर डा. खतिवडाले मुलुकको विकासको निमित्त सामाजिक, आर्थिक र वित्तीय प्रणालीलाई रूपान्तरित गर्नु जरूरी रहेको, विकासको लागि राज्यले खेल्ने भूमिका सामुदायिक क्षेत्रको सहभागिता विना सफल नहुने धारणा व्यक्त गर्नु भयो ।

निजी क्षेत्रबाट प्रवर्द्धित संस्था मुनाफा बिना नचल्ने र मुनाफा गर्नु संस्थाको दायित्व पनि हुन्छ भने विकासको लागि सामुदायिक संस्थाहरू खासगरी गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरू र अन्य सामुदायिक संस्थाको सहकार्य पनि अति आवश्यक छ भन्नु हुँदै उहाँले रोजगारी सहितको समावेशी आर्थिक विकासले मात्र समाज र स्थानीय क्षेत्रको विकासमा योगदान पुऱ्याउने विचार व्यक्त गर्नु भयो । यस अभियानलाई कार्यरुप दिन लघुवित्त संस्थाले समाजका तल्लो तहका विपन्न जनतालाई सामाजिक चेतना अभिबृद्धि गरी घरदैलोमा गएर बैंकिङ्ग पद्धतिको जानकारी दिने र उनीहरूको सानो भन्दा सानो आर्थिक समस्या समाधान गर्न सहयोग गर्ने भएकोले यसको सदैव सह्राहना हुने गरेको विचार व्यक्त गर्नु भयो ।

सीमित बैंकिङ्ग कारोवार गर्ने र वित्तीय मध्यस्थताको भूमिका निर्वाह गर्ने संस्थाहरू धेरै रहेका र यस्ता संस्थालाई क्रमिक रुपले “घ” वर्गका संस्थाको रुपमा रुपान्तरित गरेर लैजानु पर्ने, बैंकिङ्ग क्षेत्र र सामुदायिक कार्य क्षेत्र भनेको भिन्न रहेकोले यसलाई छुट्टा छुट्टै स्थानबाट संचालन गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो ।

“एकातिर बैंक तथा वित्तीय संस्थाको तीब्र विस्तार भएको छ भने अर्कातिर वित्तीय सेवा पाउने ग्राहक भने अहिले पनि सीमित रहनु विरोधाभाषपूर्ण देखिन्छ, जिल्लाको हिसावले हेर्ने हो भने ७५ वटै जिल्लामा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति

छ । तर जिल्लामा जाने हो भने सदरमुकाम र केही किलोमिटर फरकमा मात्र बैंक तथा वित्तीय संस्था रहेका, सदरमुकामभन्दा केही पर रहेका जनसमुदायसम्म पनि वित्तीय पहुँच नपुगेको, विगतमा सुरक्षाको समस्याका कारण वित्तीय पहुँच नपुग्नु स्वभाविक मान्न सकिए पनि आज ग्रामीण क्षेत्रमा समेत एकहदसम्मको सुरक्षा अवस्था सुदृढ भइसक्दा पनि वित्तीय सेवाको पहुँच नपुगेकोमा दुःख व्यक्त गर्दै उहाँले यसलाई मनन् गरी यस्ता क्षेत्रमा वित्तीय पहुँच अभिबृद्धि गर्ने कार्यमा पुराना र नयाँ दुवै वित्तीय संस्था अग्रसर भई लाग्नु पर्छ” भन्नु भयो ।




वित्तीय संस्थाको उत्पादनमुखी कर्जा प्रवाहले समाजमा आर्थिक विकास र सामाजिक रूपान्तरणका साथै सामाजिक प्रतिष्ठा, सशक्तिकरणमा सहयोग पुग्ने, समाज र वित्तीय संस्था दुवै आर्थिक रुपले सम्पन्न हुँदै जाने कुरा व्यक्त गर्दै उहाँले नेपाल राष्ट्र बैंकले वित्तीय सेवा नपुगेका गाउँ ठाउँमा सेवा पुऱ्याउने संस्थालाई विशेष प्रोत्साहन गरिरहेको, नयाँ खोल्ने लघुवित्तीय संस्थाहरूलाई वित्तीय सेवा, साधन र स्रोतको पहुँच पुऱ्याउने हिसावले मात्र स्वीकृति प्रदान गर्ने, यस्तो संस्थालाई सेवा नपुगेका क्षेत्रमा खोल्नको लागि कवुल गराएरै मात्र इजाजत दिने, त्यसो भयो भने बहु-बैंकिङ्गको समस्या क्रमशः हट्दै जाने विश्वास व्यक्त गर्नु भयो ।

लघुवित्तले प्रथमतः साना साना व्यवसायीहरू एवं विपन्न वर्गका परिवारहरूलाई सहयोग गरिरहेकोमा लघुवित्तको त्यो सेवाबाट माथि उठिसकेका वा विपन्नताबाट माथि उक्लिसकेका धेरै उद्यमी, व्यवसायी, किसानहरूलाई कर्जाको पहुँच नपुगेको हुँदा केन्द्रीय बैंकले नीतिगत व्यवस्थाका माध्यमबाट साना मझौला ऋणको सुविधा प्राप्त हुन सक्ने अवस्थाको सिर्जना गर्न आवश्यक गृहकार्य गरिरहेको, त्यसको प्रभावकारिताका लागि लघुवित्त संस्थाहरुले साना मझौला व्यवसायीको सूचना दिनु पर्ने, ठूला वित्तीय संस्थाहरूबाट त्यस्ता ऋणीहरूलाई बैंक ऋण दिलाउन सहयोग गर्नु पर्ने कुरा बताउनु भयो । यसको लागि पर्याप्त तथ्यांकको आवश्यकता पर्ने हुँदा त्यो काममा नेपाल राष्ट्र बैंक लागिरहेको कुरा बताउनु भयो ।

ठूला ठूला व्यवसायमा लगानी गरेर मात्र मुलुकको समावेशी विकास नहुने, मुलुकको विकासको निमित्त घरेलु उद्योग, साना मझौला किसिमका कृषि, वन, पर्यटन र जलस्रोतजस्ता उत्पादनशील तथा रोजगारीको क्षेत्रमा लगानी बढाएर मात्र देशको अर्थतन्त्रमा टेवा पुग्ने विचार गभर्नर डा. खतिवडाले व्यक्त गर्नु भयो ।

बैंक वित्तीय संस्थाका पदाधिकारीले कृषकको जमीनमा टेकी उनीहरूको पीरमर्का बुझेर ऋण दिएको खण्डमा सबै पक्ष लाभान्वित हुने, परियोजनाका संभाव्यता अध्ययन गरी जोखिम न्यूनीकरण सम्बन्धी ज्ञान प्रदान गरी बीमा सुविधाको विषयमा जानकारी दिएको खण्डमा कृषक र बैंक तथा वित्तीय संस्थाको हित हुने कुरामा जोड दिनु भयो ।

सो अवसरमा गभर्नर डा. खतिवडाले “क” “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरूले पनि “घ” वर्गको वित्तीय संस्थाबाट धेरै कुरा सिक्न सक्ने बताउनु भयो ।

हाल बैंक तथा वित्तीय संस्थाहरूले डिपोजिट सेन्टरको रूपमा विकसित गर्दै आइरहेकामा बैदेशिक रोजगारीबाट प्राप्त रकम र स्थानीय व्यवसायको

बचत संकलन गरी वित्तीय साधनलाई शहर केन्द्रीत कारोवारमा प्रयोग नगरी स्थानीय तहबाट संकलित वित्तीय साधनलाई स्थानीय तहमानै प्रयोग गर्ने परिपाटी बसाल्न सकेमा स्थानीय उद्यमशीलताको विकास गर्ने कार्यमा सहयोग पुग्ने कुरा सो अवसरमा गभर्नर डा. खतिवडाले उल्लेख गर्नु भयो ।




सम्बोधनको क्रममा गभर्नर डा. खतिवडाले नेपाल राष्ट्र बैंकले वित्तीय सेवाको लागतलाई पारदर्शी बनाउन आधार दरको नीति अवलम्बन गरेको विषयमा पनि प्रकाश पार्नु भएको थियो । लघुवित्तले गरिबी निवारणमा गरेको योगदान, सशक्तिकरण तथा ग्रामीण विकासमा सहयोग गर्‍यो भनेर दातृ निकायहरू अत्यन्त उत्साहित भएका र लघुवित्त प्रवर्द्धनको लागि सहयोग प्राप्त भइरहेको जानकारी दिनु भयो । अहिले, नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्र विकासको रणनीति तर्जुमा गर्दै गरेको र त्यसमा वित्तीय पहुँच अभिबृद्धि गर्ने पहिलो एजेण्डा हुने, यस अन्तर्गत नेपाल राष्ट्र बैंकले वित्तीय पहुँच बढाउन आवश्यक सहुलियत, सहयोग र सुविधा प्रदान गर्ने, तर सेवा प्रभावकारी र स्वस्थ्य राख्न वित्तीय संस्थाहरूमा सुशासनको बलियो अवस्था हुनु पर्छ, नेपाल राष्ट्र बैंकको निरीक्षण सुपरिवेक्षण एउटा साँकेतिक विषय मात्र भएकोले स्वनियमन महत्वपूर्ण कुरा हो, आफ्नो संस्थाको आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासनमा संचालकहरूको कर्तव्य, जिम्मेवारी र दायित्व बोध हुनु जरूरी रहेको छ भन्ने विचार व्यक्त गर्नु हुँदै सो संस्थाको सफलतापूर्वक संचालनको समेत शुभकामना व्यक्त गर्नु भयो ।

सो उद्घाटन कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता, अतिथि, स्थानीय बुद्धिजीबि र नवस्थापित संस्थाका अध्यक्ष तथा अन्य पदाधिकारीहरूले आ-आफ्नो मन्तव्य पनि व्यक्त गर्नु भएको थियो ।

**गभर्नरको कार्यालय**
मिति २०७० जेठ ३ गते, शुक्रबार